शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८०/१/११ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. आन्तरिक आय व्यवस्थापन सम्बन्धमा ।

२. पाईप जाली वितरण गर्ने सम्बन्धमा ।

३. बाटो निर्माण गर्दा निस्केको ढुङ्गा हटाउने सम्बन्धमा ।

४. वजेट विनियोजन सम्बन्धमा ।

५. आर्थिक सहायत वापतको रकम भुक्तानी दिने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने प्रारम्भिक बातावरणीय परिक्षण भई राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट प्राप्त सहमती अनुसार सूचना प्रकाशन हुँदा ठेक्का नलागेको र पुनः सूचना प्रकाशन गर्दा समय कम हुने भई ठेक्का लाग्ने सम्भावना कम भएकोले ठेक्का नलागेका तपशिल बमोजिमका नदी खोलाहरु आइइईमा तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ अमानतमा विकी गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) राप्ती नदी पल्टेडाँडा क्षेत्र ।

(ख) खयरभट्टी खोला दुवै क्षेत्र ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरपालिकाबाट खरिद भएको पाईप तथा ग्याविन जाली वितरण गर्ने सम्बन्धमा आवश्यक विधि प्रकृया सहित सुझाव पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने र सो समितिबाट प्राप्त हुने प्रतिवेदन कार्यपालिकामा पेश गरी बैठकले गर्ने निर्णय अनुसार वितरण गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक श्री छविलाल पौडेल नगर प्रमुख

सदस्य श्री गीता भाट उप- प्रमुख

सदस्य श्री चिन्तराज अधिकारी वडा अध्यक्ष

सदस्य श्री बोम बहादुर वि.क. संयोजक आर्थिक समिति

सदस्य सचिव श्री झविन्द्र खनाल प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिका वडा नं. १४ मा निर्माणाधिन विकमसोता दमार मन्द्रे सुपाखोला खाँचिकोट नुवाकोट अर्घाकोट बल्कोट सडक अर्न्तगत मुन्द्रिवास कुसुमघाट सडक खण्ड चौडा गर्ने

कममा निस्केको अनावश्यक ढुङ्गा उक्त भेगमा फाल्न नमिल्ने भएकोले निर्माण कम्पनीले लाग्ने दस्तुर बुझाई बाहिर लैजान अनुमती दिन भनि रायमाझी-प्रदिप जेभी बुटवल १० ले वडाको सिफारिस पत्र र स्थानीय जनताको सोही व्यहोराको निवेदन संलग्न पेश भएकोले वडा प्राविधिकबाट नाप गरी वडामा नियमानुसारको राजश्व रकम बुझाई बाहिर लैजान दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपशिलको कार्यको लागि गत मौज्दात शिर्षकमा रहेको रकमबाट निम्न बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

(क) जिल्ला प्रहरी कार्यालय अ.खा.ट्रष्ट निर्माण सहयोग रु १५००००।-

(ख) बगाले व्याड सिंचाई कुलो मर्मत रु १०००००।-

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. ७ तर्फको कार्यक्रम स्वीकृत हुदाँ भैपरी शिर्षकमा रु १०००००।- स्वीकृत भएकोमा सो रकमबाट विभिन्न कारणले पिडित वडा वासीहरुलाई राहत वितरण गरी भरपाई सहित भुक्तानी माग गरेकोले एक पटकको लागि पेश भएका भरपाई अनुसारको राहत रकम भुक्तानी दिने र आगामी दिनमा आर्थिक सहायता रकम एकद्धार प्रणालीबाट वितरण गर्ने निर्णय गरयो ।

आजको बैंठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न भयो ।